दर्ता नं.३१४१४६/७९/०८०

Federation of Educational Consultancy Entrepreneurs Nepal

# नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघ

NEPAL

च. नं. :: १०१/२०८२/०८३ मिति: २०८३ जेठ ५ गते

## प्रेस विज्ञप्ति

नेपालमा शैक्षिक परामर्श व्यवसायले विगत करिब ३६ वर्षदेखि विद्यार्थीहरूलाई विदेश अध्ययनका लागि सत्य, तथ्यपरक, वैज्ञानिक, व्यवहारिक तथा प्रविधिमैत्री शिक्षा प्रणालीसम्बन्धी परामर्श सेवा प्रदान गर्दै आएको सर्वविदितै छ। यस क्षेत्रले नेपालको शिक्षा, रोजगारी, वैदेशिक मुद्रा आर्जन, ज्ञान, सीप तथा प्रविधि हस्तान्तरणमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ।

नेपालभर छरिएर रहेका शैक्षिक परामर्श व्यवसायीहरूलाई एउटै छातामुनि संगठित गरी यस पेशालाई थप व्यवस्थित, मर्यादित, पारदर्शी तथा उत्तरदायी बनाउन विगत ३० वर्षदेखि विभिन्न संघ-संस्थाहरूले व्यवसायिक हकहित, सुरक्षा तथा संरक्षणका लागि निरन्तर पैरवी गर्दै आएका छन्। यस क्रममा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, अन्तर्राष्ट्रिय चेम्बर अफ कमर्स, विभिन्न देशका कूटनीतिक नियोगहरू, विद्यार्थी संगठनहरू तथा नेपाल अभिभावक महासंघसँग सहकार्य र समन्वय गर्दै आइएको छ।
हाल ईक्यान, आइरिन, नायर, जाल्सान, एपक्यान, केक्यान, एईक्यान तथा नेवा लगायतका आठवटै संघहरू एकताबद्ध भई "नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघ" गठन गरी व्यवसायिक हकहित, सुरक्षा, व्यवसायिक मर्यादा तथा संस्थागत विकासका लागि सक्रिय रूपमा कार्यरत रहेको जानकारी गराइन्छ।

यसै सन्दर्भमा, मिति २०८३ जेठ १ गते शिक्षा तथा खेलकुद मन्त्रालयको समन्वयमा नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत नेपाल प्रहरीको उपत्यका अनुसन्धान कार्यालय, टेकुद्वारा जारी प्रेस विज्ञप्तिमा शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०४९ तथा "शैक्षिक परामर्श तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७३" बमोजिम सम्बन्धित निकायबाट स्वीकृति नलिई सञ्चालन भएका केही शैक्षिक परामर्श संस्थाहरूमाथि अनुसन्धान तथा कानुनी कारवाही प्रक्रिया अघि बढाइएको विषयप्रति नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपाल सरकारबाट विधिवत् स्वीकृति तथा अनुमति प्राप्त नगरी गैरकानुनी रूपमा सञ्चालन गरिएका संस्थामाथि प्रचलित कानुन बमोजिम गरिएको अनुगमन, अनुसन्धान तथा कारवाही प्रक्रियाप्रति महासंघ पूर्ण समर्थन व्यक्त गर्दै नेपाल सरकारप्रति धन्यवाद ज्ञापन गर्दछ। व्यवसायलाई स्वच्छ, विश्वसनीय, उत्तरदायी तथा मर्यादित बनाउने दिशामा राज्यका सम्बन्धित निकायहरूले चालेका कदमहरूले समग्र शैक्षिक परामर्श क्षेत्रलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने महासंघको विश्वास रहेको छ।

महासंघ अन्तर्गत आबद्ध सम्पूर्ण सदस्य संघहरू तथा ती संघहरूमा आवद्ध देशभरिका सदस्य कम्पनीहरू शिक्षा ऐन, २०२८, "शैक्षिक परामर्श तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७३" तथा सम्बन्धित प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालयबाट विधिवत् स्वीकृति तथा अनुमति प्राप्त गरी कानुनी रूपमा सञ्चालन भइरहेको जानकारी गराइन्छ।

अतः सम्पूर्ण सदस्य संस्थाहरूलाई कुनै प्रकारको भ्रम, डर, त्रास वा मानसिक दबाबमा नपरी निर्धक्क एवं आत्मविश्वासका साथ सत्य र तथ्यमा आधारित शैक्षिक परामर्श सेवा तथा पूर्वतयारी कक्षाहरू सञ्चालन गरी विद्यार्थीहरूलाई सेवा प्रदान गर्न अनुरोध गरिन्छ। साथै, विद्यार्थी तथा अभिभावकहरूलाई विद्यार्थीको इच्छा र आवश्यकता अनुरूपको अध्ययनका लागि नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय तथा सम्बन्धित प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयबाट स्वीकृति प्राप्त संस्था तथा महासंघका सदस्य संघहरूमा आवद्ध कम्पनीहरूबाट मात्र सेवा लिन महासंघ हार्दिक अनुरोध गर्दछ।

नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघ
नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघ

व्यवसाय सञ्चालनका क्रममा कुनै नीतिगत, प्रशासनिक वा व्यवहारिक समस्या उत्पन्न भएमा सम्बन्धित संघ वा महासंघका पदाधिकारीहरूसँग तत्काल समन्वय तथा जानकारी गराउन अनुरोध गरिन्छ। महासंघ आफ्ना सदस्यहरूको व्यवसायिक हकहित, सुरक्षा, संरक्षण तथा संस्थागत सुदृढीकरणका लागि सदैव प्रतिबद्ध रहेको समेत अवगत गराइन्छ ।

साथै, व्यक्तिगत असन्तुष्टि, भिसा अस्वीकृति, विदेश अध्ययनसम्बन्धी नियम उल्लंघन, विद्यार्थी भिसाको दुरुपयोग वा अन्य स्वार्थ प्रेरित गतिविधिका आधारमा व्यवसायीहरूलाई अनावश्यक दुःख दिने, मानसिक दबाब सिर्जना गर्ने, मोलमोलाइ गर्ने वा नियोजित ढंगले व्यवसायिक प्रतिष्ठामाथि प्रहार गर्ने प्रवृत्तिप्रति महासंघ गम्भीर रहेको छ। यस्ता गतिविधिमा संलग्न तत्वहरूबाट सचेत रहन सम्पूर्ण सदस्य संस्थाहरूलाई महासंघ आग्रह गर्दछ ।

यस्ता विषयगत उजुरी तथा विवादहरूको समाधानका क्रममा सम्बन्धित संघ तथा महासंघका प्रतिनिधिहरूसँग समन्वय गरी निष्पक्ष, तथ्यपरक तथा कानुनसम्मत ढंगले समाधान प्रक्रिया अघि बढाउन नेपाल सरकार,गृह मन्त्रालय अन्तरगत जिल्ला प्रशासन कारियलय नेपाल प्रहरी तथा शिक्षा तथा खेलकुद मन्त्रालयसमक्ष महासंघ हार्दिक अनुरोध गर्दछ । कानुन कार्यान्वयनका क्रममा निर्दोष तथा कानुनी रूपमा सञ्चालन भइरहेका व्यवसायीहरूलाई अन्याय नहोस् र उनीहरूको व्यवसायिक प्रतिष्ठामाथि अनावश्यक आघात नपुगोस् भन्ने विषयमा महासंघको विशेष ध्यानाकर्षण रहेको छ ।

अन्त्यमा,सम्पूर्ण शैक्षिक परामर्श व्यवसायीहरूलाई कानुनी दायराभित्र रही पारदर्शी, जिम्मेवार, विद्यार्थी तथा अभिभावकमैत्री सेवा प्रदान गर्न तथा समग्र शैक्षिक परामर्श क्षेत्रको गरिमा र विश्वसनीयता अभिवृद्धिमा सहकार्य गर्न महासंघ पुनः हार्दिक अपिल गर्दछ ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| राजेन्द्र बराल | लक्ष्मण पौडेल | योगेश क्षेत्री | उद्धव खडका | रमेश देवकोटा | अर्जुन बस्नेत | विष्णु खडका | नारायण रेग्मी | किशोर तिवारी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघ | इक्यान | आइरिन | नायर | जाल्सान | एप्क्यान | केक्यान | नेबा | एईक्यान |